जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३४ अंक ७७ २०८१ साल कात्तिक १ गते बिहीबार (17 Oct. 2024 Thursday) मूल्य रु. ५/-




Log in : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : बढ्दो लागुऔषधका... ३ पृष्ठमा : बाढीले केराखेती नष्ट ... ३ पृष्ठमा :हिजबुल्लाहका वरिष्ठ युएभी ...

# प्रहरी समायोजन ऐन जारी नहुँदा प्रदेश प्रहरीको संचालनमा समस्या : मुख्यमन्त्री सिंह



मधेस प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंह ६९औं प्रहरी दिवसका अवसरमा बुधबार मधेस प्रदेश प्रहरी कार्यालय जनकपुरधामद्वारा जनकपुरधाममा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै । तस्बिरः निरञ्जनकुमार साह/रासस

**दैनिक समाचारदाता**
**जनकपुरधाम, ३० असोज ।**

मधेस प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले सङ्घीय सरकारले प्रहरी समायोजन ऐन जारी नगर्दा प्रदेश सरकारलाई प्रहरीको सञ्चालनमा समस्या आएको बताएका छन् ।

६९औं प्रहरी दिवसका अवसरमा मधेस प्रहरी कार्यालय जनकपुरधाम, धनुषाद्वारा बुधबार जनकपुरधाममा आयोजित समारोहलाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् ।

प्रहरी समायोजन ऐन जारी नहुँदा प्रदेश सरकार समस्यामा रहेको भन्दै उनले भने, "मधेस प्रदेशमा करिब ६२ लाख जनसङ्ख्या रहेको छ । यहाँको सुरक्षामा प्रहरीले गरेको भूमिका महत्वपूर्ण रहेको छ तर हामीसँग ऐन छैन, नीतिगत रूपमा काम गर्न सक्दैनौं ।"

प्रदेशमा लागुऔषधको ओसारपसार, मानव तस्करी, राजस्व चुहावट तथा चोरी, डकैती, साइबर अपराध रोक्न प्रदेश सरकारका लागि ठूलो चुनौतीका रूपमा रहेकाले यसको नियन्त्रण तथा रोकथामका लागि प्रहरी सङ्गठनले कडा रूपमा लाग्नुपर्ने मुख्यमन्त्री सिंहले बताए ।

उनले प्रहरी समायोजनसम्बन्धी ऐन नआए पनि प्रदेश सरकार तथा स्थानीय निकायले नेपाल प्रहरी सङ्गठनलाई सक्दो सहयोग गरेको समेत जानकारी दिए ।

सोही अवसरमा मधेस प्रदेशका गृह, कानुन तथा सञ्चार मन्त्रालयका सचिव वीरेन्द्रकुमार यादवले सीमित साधनस्रोतका बाबजुद प्रहरी सङ्गठनले प्रदेशमा शान्तिसुरक्षा तथा सुशासन कायम गर्न खेलेको भूमिका अति महत्वपूर्ण रहेको बताए ।

उनले देशमा शान्तिसुरक्षा कार्यमा निरन्तर खट्ने प्रहरी सङ्गठनलाई राज्यबाट समयसापेक्ष आधुनिक संरचनामा लैजाने तथा समयसापेक्ष सहयोग आवश्यक रहको उल्लेख गरे ।

नेपाल पत्रकार महासङ्घ मधेस प्रदेशका अध्यक्ष राजेश कर्णले प्रहरीले प्रत्येक कार्यमा जनतालाई सहभागी गराउँदै सुशासन दिने किसिमले कार्य गर्नुपर्ने आग्रह गरे ।

मधेस प्रदेश प्रहरी प्रमुख एवं प्रहरी नायब महानिरीक्षक लालमणि आचार्यले प्रदेशमा हुने लागुऔषध ओसारपसार, चोरी-डकैती घटना तथा सीमाक्षेत्रमा हुने अवैध कार्य रोक्नु चुनौतीपूर्ण भए पनि सुरक्षा निकाय गम्भीरतापूर्वक लागेको जानकारी दिँदै यो कार्यमा सबैको सहयोग आवश्यक रहेको आग्रह गरे ।

# एक महिनादेखी वेपत्ता पोखरेल मृत अवस्थामा फेला

**दैनिक समाचारदाता**
**राजविराज, ३० असोज ।**

एक महिनादेखी वेपत्ता रहेका एक व्यक्ती मंगलबार मृत अवस्थामा फेला परेका छन् ।

प्रहरीका अनुसार मंगलवार दिउँसो सप्तरीको कंचनरुप नगरपालिका ९ रुपनगर निवासी ५५ वर्षिय ज्ञानमणी पोखरेल घर नजिकैको धान खेतमा मृत अवस्थामा फेला परेका हुन ।

शव कुहिएर दुर्गन्ध फैलिए पछी पुगेका स्थानीयले पोखरेलको शव घोप्टो परेको अवस्थामा देखेर प्रहरीलाई खबर गरेका थिए ।

परिवारजनका अनुसार पोखरेल गत भदौ ३० गते आईतवार घरबाट बजार तर्फ निस्केका र सो पश्चात सम्पर्क विहिन भएका थिए ।

शव पोस्टमार्टमका लागि सदरमुकाम राजविराजस्थित गजेन्द्रनारायण सिह अस्पताल ल्याईएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय कंचनपुरका डिएसपी महेन्द्र नेपालले जनाएका छन ।

# आफ्नै भवनमा पानी लगाउँदै गर्दा करेन्ट लागेर अबुलको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, ३० असोज ।**

राजविराज नगरपालिका १ पडरियामा करेन्ट लागेर बुधबार एक व्यक्तिको मृत्यु भएको छ ।

नवनिर्मित आफ्नो भवनमा बुधबार बिहान पानी लगाउँदै गरेका सोही वडा निवासी ५५ वर्षिय अबुल मियाँको करेन्ट लागेर मृत्यु भएको हो ।

पानी तान्ने विद्युतिय मोटरमा पाइप जोडेर भर्खरै प्लाष्टर भएका नवनिर्मित पर्खालहरुमा पानी लगाउँदै गर्दा अचानक उनलाई करेन्ट लागेको वडाअध्यक्ष चन्द्रशेखर चौधरीले जानकारी दिए ।

करेन्ट लागेर अचेत भएका उनलाई तत्काल उद्धार गरि उपचारका लागि अस्पतालतर्फ लैजादै गर्दा बाटोमै मृत्यु भएको परिवारजनले जनाएको छ ।

मृतकको शवको स्थानीय गजेन्द्र नारायण सिंह अस्पतालमा बुधबारनै पोष्टमार्टम गरि आफन्तलाई जिम्मा लगाइएको तथा घटना बारे आवश्यक अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# देशभर १९ हजार व्यक्ति डेङ्गुबाट संक्रमित

काठमाडौं, ३० असोज (रासस) ।

देशभर डेङ्गु सङ्क्रमण तीव्ररूपमा फैलिरहेको छ । ईपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (ईडिसिडी) को पछिल्लो तथ्याङ्क अनुसार डेङ्गु सङ्क्रमितको सङ्ख्या १९ हजार पाँच ९९ पुगेको छ । डेङ्गु सङ्क्रमणबाट हालसम्म नौ जनाले ज्यान गुमाइसकेका छन् ।

डेङ्गु सङ्क्रमण मुलुकका ७६ जिल्लासम्म फैलिएको महाशाखाले जनाएको छ । डेङ्गु सङ्क्रमण सबैभन्दा बढी काठमाडौँमा फैलिएको छ । काठमाडौँमा डेङ्गु सङ्क्रमणबाट हालसम्म तीन हजार एक सय तीन जना प्रभावित बनेका छन् । यस्तै कास्कीमा दुई हजार आठ सय ४७ जनामा डेङ्गु सङ्क्रमण देखिएको छ । यस्तै तनहुँमा दुई हजार एक सय सात, पर्वतमा एक हजार पाँच सय ६२, चितवनमा नौ सय ७१, ललितपुरमा आठ सय २७, गोरखामा ५ सय ८८, बाग्लुङमा छ सय १०, भक्तपुरमा तीन सय ५५ तथा स्याङ्जामा तीन सय ३५ जनामा डेङ्गु सङ्क्रमण पुष्टि भइसकेको महाशाखाले जनाएको छ ।

शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल टेकुका रिसर्च युनिटका संयोजक तथा सङ्क्रामक रोग विशेषज्ञ डा शेरबहादुर पुन भन्नुहुन्छ,"पोस्ट मनसुन सुरु हुँदा डेङ्गुको जोखिम बढ्ने सम्भावना हुन्छ । दसैं लगत्तै अस्पताल आउने डेङ्गुका बिरामी बढिरहेका छन् । समुदायमा डेङ्गु सङ्क्रमण फैलिएको देखिन्छ ।"

विसं २०८० को पुस मसान्तसम्म देशभर झण्डै ५२ हजारभन्दा बढीमा डेङ्गु सङ्क्रमण पुष्टि भएकामा २० जनाको मृत्यु भएको थियो । डेङ्गु एडिस एजिप्टाई जातको पोथी लामखुट्टेको टोकाइबाट सर्ने एक प्रकारको कीटजन्य रोग हो । लामखुट्टेको टोकाइबाट बच्न पूरा शरीर ढाक्ने कपडा लगाउने, खाल्डाखुल्डी पुर्ने, खानेपानी वा ढल चुहिएको छ भने तत्काल मर्मत गर्ने, खाली भाँडाकुँडा घोप्ट्याएर राख्ने, पानीको ट्याङ्की पूरै खाली गरेर सफा गरिरहने, सुत्ने बेला झुलको प्रयोग गर्नुपर्छ ।

डेङ्गु सङ्क्रमणबाट बच्न मुख्यतः लामखुट्टेको टोकाइबाट जोगिनुपर्छ । डा पुन भन्नुहुन्छ, "झूलको प्रयोग गर्नु राम्रो हुन्छ । जटिल लक्षण देखिए स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ ।"

# कर छलेर ल्याइएका सामान बरामद

**दैनिक समाचारदाता**
**पर्सा, ३० असोज ।**

सशस्त्र प्रहरी बलले रु १० लाख मूल्य बराबरका भन्सार छलीका सामान बरामद गरेको छ । बरामद गरिएका सामानमा 'मोटरपार्टस्, कस्मेटिक, मोबाइल एसेसरिज' छन् ।

सशस्त्र प्रहरी बलका नायब उपरीक्षक नरेन्द्रसिंह धामीका अनुसार सवारी साधनसहित भन्सार छलेर भित्र्याएका सामान भन्सार कार्यालयलाई बुझाइएको छ ।

यही असोज २३ गते पनि भन्सार छलेर गोदाममा राखेको रु २१ लाख २१ हजार आठ सय बराबरका कपडा बरामद गरेको थियो ।

खानपान र जीवनशैली परिवर्तन गरौं, स्वस्थ रहौं

असन्तुलित खानपान तथा जीवनशैलीका कारण मधुमेह, उच्च रक्तचाप, मष्तिष्कघातजस्ता रोगहरु लाग्न सक्छन् ।

त्यसैले,

- सन्तुलित र स्वस्थ खाना खाऔं,
- शारिरीक क्रियाकलाप तथा नियमित व्यायाम गरौं,
- मदिरा, सुर्ती तथा सुर्तीजन्य पदार्थको उपभोग नगरौं,
- प्रशस्त मात्रामा पानी पिउने गरौं,
- तनाव व्यवस्थापन गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

# सबैको अस्तित्व स्वीकारौं

महिला हिंसाका घटनाहरु हाम्रा सभ्य भनाउँदो समाजमा बढ्दै गएका छ । शारीरिक-मानसिक यातना दिने क्रम बढ्दो छ । हिंसा र यातनाको स्वरुप वा तात्कालिक कारणहरु फरक-फरक देखिए पनि ती सबै घटनाहरु लैङ्गिकताका आधारमा महिला भएकै कारण भइरहेकोमा दुई मत हुन सक्दैन । मानव सभ्यता जति पुरानो हुँदै गएको छ, मानवहरु व्यक्ति नै असभ्य र संस्कारहीन हुँदै गएका प्रमाणहरुका बारेमा बारम्बार मीडियाले प्रकाशन र प्रसारण गर्दै आइरहेका छन् ।

दाइजो नल्याउनु वा माग बमोजिम दाइजो नल्याउनु, छोरी जन्माउनु, शारीरिक रुपमा सुन्दर नदेखिनु, अपाङ्ग-अशसक्त हुनु, एकल हुनु-यी र यस्ता अनेकौं बहानामा महिलाहरुको शारीरिक, मानसिक र सामाजिक शोषण गरिंदै आइएको छ । बोक्सीका नाममा समेत महिलालाई मलमुत्र खुवाई अमानवीय यातना दिने घटनाहरु प्राय: देख्न पाइन्छ । नाबालिकासँगको यौन दुर्व्यवहार र शोषणले समेत प्रश्रय पाउँदै गएका छन् । यस्ता घटना पढ्दा वा सुन्दा हाम्रो सभ्य भनाउँदो समाजमा महिलाको अवस्था कस्तो छ भन्ने बारेमा झझल्को अवश्य पाइन्छ । महिला र पुरुष यस समाजका दुई जातिहरु एक अर्काको सह-अस्तित्वलाई स्वीकार र सम्मान गर्न सक्दैनन् भने मानव अस्तित्व नै संकटमा पर्न सक्दछ ।

महिला र पुरुष एक अर्काका पूरक हुन्, एक अर्काका अनन्य सहयोगी, सहयात्री र सहकर्मी हुन् । तसर्थ सहकर्मीले एक-अर्काको सह-अस्तित्व, महत्व र गरिमालाई स्वीकानैं पर्छ, अन्यथा ईश्वरले धारण गरेको अर्धनारीश्वर स्वरुपको कुनै अर्थ नै रहँदैन ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# बढ्दो लागुऔषधको व्यापार

झापा, ३० असोज (रासस) ।

चार महिनाअघिको कुरा हो । झापाको दमक नगरपालिका-३ का रमेश छोरालाई थुनामा राखिदिन पऱ्यो भनी लागुऔषध नियन्त्रण ब्यूरो काँकरभिट्टाको सम्पर्कमा आउनुहुन्छ । छोराले घरमा भएका जिन्सी सामान, लत्ताकपडा, खाद्यान्न, सुनलगायत सबै सामान बिक्री गरिसक्यो । लागुऔषध खरिद गर्न घरमा बिक्री गर्नका लागि सम्पत्ति बाँकी नरहेपछि सधैं झगडा हुने गरेको र अब छोराले उहाँसहित परिवारमा ज्यानै लिने भन्दै त्रसित बनाएको थियो । यस्तो परिस्थिति उत्पन्न भएपछि १९ बर्षिय छोरालाई पक्राउ गर्न ब्यूरोलाई सुराकी दिई उहाँले लागुऔषधसहित पक्रिन लगाउनु पऱ्यो ।

एक्काइस वर्षीय एक युवती श्रीमान्लाई उपचार गरिदिन भनी नवयात्रा पुन:स्थापना केन्द्र काँकरभिट्टामा आउनुहुन्छ । आफ्नो श्रीमानले लागुऔषध सेवन गरी घरपरिवारमा झगडा हुँदा एक वर्षदेखि छुट्टै बस्दै आएका छौं । छुट्टिएर बसेको केही समयमा नै घरमा भएको भाँडावर्तन, खाद्यान्न, मैले लगाउने गरगहना सबै लगेर बेचिसक्यो । अब त परिवार पनि छैन, सम्पत्ति पनि सबै उडाइसक्यो । कुन दिन मलाई नै सिध्याउने हो भर छैन भन्दै ती युवती श्रीमान्को उपचार गराउन पुन:स्थापना केन्द्रमा उहाँ पुग्नुहुन्छ ।

माथि उल्लिखित प्रतिनिधि घटनाहरू जस्तै झापामा हजारौं घरपरिवार लागुऔषधका कारण पीडित छन् । यसरी लागुऔषध सेवनकर्ता अन्तिम अवस्थामा पुगेपछि मात्रै प्रहरी तथा पुन:स्थापना केन्द्रको सम्पर्कमा आउने गरेको लागुऔषधकै क्षेत्रमा काम गर्दै आउनुभएका अभियन्ता भीम लुइँटेल बताउनुहुन्छ । "जिल्लामा ३० वटा पुन:स्थापना केन्द्र, कारागार तथा प्रहरी थुनामा सयौंको सङ्ख्यामा लागुपदार्थ प्रयोगकर्ता रहेका छन्", उहाँले भन्नुभयो, "हजारौं प्रयोगकर्ता सम्पर्क बाहिर छन्, तिनको पहिचान गरी यथाशीघ्र उपचार गर्नुपर्छ" ।

लागुपदार्थको दुर्व्यसनीलाई राज्यले अपराधीको रूपमा व्यवहार गर्दा दुर्व्यसनीहरू खुलेर उपचार गर्न सक्ने अवस्था नरहेको यसै क्षेत्रमा काम गर्दै आउनुभएका राजु गिरी बताउनुहुन्छ । लागुऔषधको कारोबारीलाई कानुनको कठघरामा ल्याउने र लागुपदार्थको दुर्व्यसनीलाई अपराधीको रूपमा नहेरी यो एक प्रकारको रोग हो, उपचार गरे निको हुन्छ भन्ने चेतना व्यापक रूपमा जनमानसमा फैलाउनुपर्ने उहाँको भनाइ छ ।

पछिल्लो समय जिल्लाको विभिन्न स्थानबाट लागुऔषध खैरो हिरोइन, गाँजालगायतका साथमा व्यक्तिहरू दिनहुँ पक्राउ पर्ने क्रम जारी छ । चाडपर्वको समयमा यसको व्यापार अझ फस्टाउने गरेको पाइन्छ । जिल्लामा हुने अपराधका अधिकांश घटनाहरूमा लागुऔषध सेवन गर्ने व्यक्तिहरूको संलग्नता हुने गरेको स्थनीय प्रशासनको तथ्याङ्ले देखाउँछ ।

लागुऔषधको अधिकांश प्रयोगकर्ता अभिभावकविहिन र अभिभावक छुट्टिएर बसेका बालबालिका रहेको लागुऔषध नियन्त्रणको क्षेत्रमा अध्ययन अनुसन्धान गर्दै आउनुभएका रमेश बास्तोला बताउनुहुन्छ । "त्यस्ता बालबालिकाहरूले उचित अभिभावकत्व नपाउँदा गलत सङ्गतमा फस्दैं गएका छन्", उहाँले भन्नुभयो "विद्यालयमा पढने उमेर समूहका बालबालिका साथीसङ्गतको लैलै र विभिन्न प्रलोभनमा परी धुम्रपानको लतमा फस्ने गरेका र बिस्तारै उक्त लत नै लागुपदार्थ सेवनसम्म पुग्ने गरेका छन् ।"

### बीस हजार पाँच सय सक्रिय प्रयोगकर्ता

लागुऔषध नियन्त्रण ब्युरोका अनुसार झापा जिल्ला लागुपदार्थको दुर्व्यसनी तथा कारोबारी भएको प्रमुख जिल्लाका रूपमा रहेको छ । जिल्लामा लागुऔषध खैरो हिरोइनका २० हजार पाँच सय सक्रिय प्रयोगकर्ता रहेका छन्, जुन काठमाडौंपछि दोस्रो बढी भएको लागुऔषध नियन्त्रण ब्युरो काँकरभिट्टाका प्रहरी नायब निरीक्षक सोमेस लामिछाने बताउनुहुन्छ । उहाँका अनुसार झापा जिल्ला भारतसँग १४४.२ किमि खुला सीमाना रहेका कारण लागुऔषधको कारोबारको ग्राफ वर्षेनी बढादो क्रममा छ ।

प्रनानि लामिछानेका अनुसार एक ग्राम खैरो हिरोइनलाई भारतीय सीमावर्ती बजारमा रु १७ सय पर्छ, जुन नेपाली सीमा कटाउने बितिक्कै रु पाँच हजार पर्न जान्छ । सीमावर्ती जिल्लाबाट जति टाढा पुऱ्याउन सकियो लागुऔषध खैरो हिरोइनको मूल्य बढ्दै जाने उहाँले बताउनुभयो ।

एक ग्राम खैरो हिरोइनलाई तीनदेखि पाँच जनाले सेवन गर्ने गरेको प्रनानि लामिछाने बताउनुहुन्छ । यसरी हेर्दा औसतमा एक जना दुर्व्यसनीले एक दिनमा रु आठ सय बराबरको लागुऔषध खैरे हिरोइन सेवन गर्ने गरेका छन् । करिब २० हजार पाँच सय प्रयोगकर्ताले दैनिक आठ सयको हिसाबले लागुऔषध खैरो हिरोइन सेवन गर्दा एक करोड ६४ लाख दैनिक नेपाली रुपयाँ लागुऔषधका लागि सीमावर्ती भारतीय बजारमा खर्च हुने गरेको ब्यूरोको तथ्याङ्क रहेको छ ।

नेपालको सीमासित जोडिएका भारतीय बजारहरूमा लागुऔषध खैरो हिरोइन सहजै उपलब्ध हुँदा नेपालतिर यसको कारोबार बढेको लागुपदार्थ प्रयोगकर्ता नै बताउने गरेका छन् । नवयात्रा पुन:स्थापना केन्द्रमा उपचार गराइरहेका एक लागुऔषध प्रयोगकर्ताका अनुसार भारतीय सीमावर्ती बजारका पानपसल, चिया पसल जहाँ पनि लागु पदार्थ सहजै रूपमा पाइने गरेको छ । उनका अनुसार अधिकांश नेपाली युवायुवती भारतमा नै गई लागुऔषध सेवन गरी आउने गरेका छन् ।

### लागुऔषधमा लत बसाउन युवतीको प्रयोग

भारतीय सीमावर्ती पानीटङ्कीलगायतका सहरका भारतीय नागरिकहरूले नेपाली आदिवासी मूलका कम साक्षर महिलालाई प्रयोग गर्ने गरेको ब्यूरोका प्रनानि लामिछाने बताउनुहुन्छ । "बिर्तामोडमा डेरा गरी बस्ने त्यस्ता भारतीय नागरिकले नेपाली युवतीहरूलाई विभिन्न प्रलोभनमा पारी लागुऔषध खैरो हिरोइनको लतमा फसाउँछन्" उहाँले भन्नुभयो "लतमा फसिसकेपछि शारीरिक सम्बन्ध राखेपछि मात्रै खैरो हिरोइन खान दिने भन्दै देह व्यापारमा लगाउने गरेका छन् ।"

लागुऔषधको लत लागेपछि ती युवतीहरूलाई नै उनीहरूले खैरो हिरोइनको कारोबार र देह व्यापारमा लगाउने गरेको प्रहरीको भनाइ छ । डेरा गरी बस्ने अधिकांश भारतीय नागरिकले चार/पाँच ठाउँमा कोठा डेरामा लिई बस्ने गरेका छन् । कुन ठाउँमा लागुऔषध राखेका हुन्छन्, पत्ता लगाउन नै समस्या पर्ने गरेको उहाँको भनाइ छ । घरधनीले पनि डेरामा बस्नेहरूको वास्तविक विवरण नराख्दा को कहाँ बस्छन् छुट्याउन नै गाह्रे हुने गरेको छ । डेरामा बस्ने मानिसहरूको विवरण सम्बन्धित वडा कार्यालयमा जानकारी गराउने प्रणाली अपनाउन सकियो भने लागुऔषधको अनुसन्धान प्रक्रियामा सहयोग पुग्ने ब्युरोका प्रनानि लामिछानेको भनाइ छ । लागुऔषधको सेवन तथा कारोबारीलाई सूचना चुहाएको, छापा हान्नेलगायतका सूचना दिएको र कारोबारमा संलग्न रहेकामा प्रहरीका जवानहरू समेत पक्राउ पर्ने गरेको ब्यूरोका प्रमुख लामिछाने बताउनहुन्छ ।

### लागु औषधका मुद्दाको चाप

स्थानीय प्रशासनले पछिल्लो तीन वर्ष (२०७८/७९ देखि २०८०/८१) मा लागुऔषध कारोबार तथा सेवनमा संलग्न एक हजार एक सय पाँच जना मानिसलाई पक्राउ गरेको छ । उनीहरूका साथबाट चार दशमलव पाँच किलोग्राम खैरो हिरोइन र ९६ दशमलव पाँच किलोग्राम गाँजा बरामद गरिएको जिल्ला प्रहरी कार्यालयको तथ्याङ्क रहेको छ । यसरी पक्राउ पर्नेमा गत आव २०८०/८१ मा मात्रै चार सय ६२ जना रहेका छन् ।

तीन वर्षमा पक्राउ पर्ने व्यक्तिहरूमध्ये ९६ महिला र एक हजार नौ जना पुरुष रहेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ । पक्राउ परेका व्यक्तिहरूका विरुद्ध आव २०७८/७९ मा दुई सय, आव २०७९/८० मा दुई सय छ र आव २०८०/८१ मा दुई सय ९७ गरी सात सय तीन मुद्दा जिल्ला अदालत झापामा दायर गरिएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक कृष्णकुमार चन्दले जानकारी दिनुभयो । यसैगरी, झापा जिल्ला अदालतको तथ्याङ्कअनुसार आर्थिक वर्ष २०८०/८१ मा सम्बन्धविच्छेद र अंशचलनपछि सबैभन्दा धेरै लागुऔषधका मुद्दा फछ्र्यौट भएका छन । गत वर्ष मात्रै लागुऔषधका मात्रै दुई सय ५३ मुद्दा फछ्र्यौट हुँदा एक सय ८४ मुद्दा बाँकी रहेका थिए ।

### सीमानाकामा निगरानी र नीतिगत सुधार

लागुऔषध दुर्व्यसनी र यसको कारोबारका कारण गम्भीर आर्थिक, पारिवारिक र समाजिक समस्याहरू निम्त्याएको स्थानीय समाजसेवी एंव पूर्वशिक्षक लक्ष्मी श्रेष्ठ बताउनुहुन्छ । उहाँका अनुसार भारतसँगको खुला सिमानाले लागुऔषधको आपूर्ति सहज बनाएको छ ।

राज्यले यस किसिमको समस्यालाई कानुनी रूपमा मात्र नहेरी समाजिक रूपमा बुझ्न आवश्यक रहेको समाजसेवी रमेश उप्रेतीको धारणा छ । "दुर्व्यसनीलाई उपचार, पुन:स्थापना र जनचेतनाको माध्यमबाट पुन:समाजमा फर्काउने प्रयास गर्नुपर्छ", उहाँले भन्नुभयो "लागुऔषधको कारोबार रोकथामका लागि सीमा नाकामा कडाइ गर्दै नीतिगत सुधार गर्न आवश्यक छ" ।

## लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय

**लक्षण**

- उच्च ज्वरो आउनु ।
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु ।
- आँखाको गेडी दुख्नु ।
- अत्याधिक टाउको दुख्नु ।
- शरीरमा राता बिमिराहरु आउनु ।

***यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।***

**बच्ने उपाय**

- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- घर, कार्यस्थल र सार्बजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं ।

**शम्भुनाथ नगर कार्यपालिकाको कार्यालय**
**कठौना, सप्तरी**

# बाढीले केराखेती नष्ट भएपछि किसानको व्यवसाय चौपट

अरुणकुमार यादव
राजविराज, ३० असोज (रासस)।

यही असोज ११ र १२ गते आएको बाढीका कारण सप्तरीको विभिन्न गाउँमा किसानको केराखेती नष्ट हुँदा उनीहरूको व्यवसाय चौपट भएको छ। भारदहमा मात्रै बाढीले पाँच सय बिघामा लगाएको केराखेती नष्ट गरेको थियो।

बाढीले फलेको केरा खेतमै डुब्नुका साथै ढलेर नष्ट भएको थियो। यसबाट व्यावसायिक रूपमा केराखेती गर्दै आएका किसान मर्कामा परेका छन्। बिक्री गर्ने समयमा आएको बाढीका कारण केराखेती गर्ने किसानलाई लाखौं रुपैयाँको घाटा भएको छ। हनुमाननगर कङ्कालिनी नगरपालिका-१ भलुवाका विलक्षण खंग १० कट्ठामा लगाएको केराखेती कोसी नदीको बाढीले नष्ट गरेपछि लाखौं रुपैयाँको घाटा बेहोर्नुपरेको बताउनुहुन्छ।

उहाँले भन्नुभयो, "मैले १० कट्ठा जमिनमा करिब दुई सयजति केराका बोट लगाएको थिएँ, बाढीका कारण त्यो अहिले खेतमै सुकिरहेको छ।" खंगले केराखेतीबाट गरेको आम्दानीकै भरमा नौ जनाको परिवार पाल्दै आउनुभएको थियो। केरा बेच्न तयार भएको समयमा आएको बाढीले सखाप पारेपछि अब अन्य विकल्प सोच्नुपर्ने अवस्था आएको उहाँको भनाइ छ।

खंगले दसैं, तिहार तथा छठ पर्वमा गत वर्ष झैं यस वर्ष पनि ठेलामा लिएर सप्तरीको कञ्चनपुर, रुपनगर हनुमाननगर र भारदह बजारमा बेचेर मनग्य आम्दानी गर्ने योजना बनाउनुभएको थियो। "बाढीले योजना भताभुङ्ग बनाइदियो", उहाँले भन्नुभयो। फलेको केराको बोट खेतमै ढलेपछि पानीमै कुहिएको उहाँले बताउनुभयो।



सोही ठाउँका किसान शोभानन्द यादवले पनि सात बिघामा केराखेती लगाउनुभएको थियो। उहाँको पनि सबै केराका बोट बाढीका कारण नष्ट भएका छन्। उहाँ भन्नुहुन्छ, "सरकारले राहत तथा क्षतिपूर्तिको व्यवस्था नगरे त यहाँका किसान पलायन हुनुपर्ने अवस्था छ।" बैंकबाट ऋण काढेर केराखेतीमा हात हालेकाले ब्याज र लगानी उठाउन समस्या भएको उहाँको भनाइ छ।

हनुमाननगर कङ्कालिनी-१ कोसी पलारमा लगाएको केराखेती बाढीले सखाप भएको छ। यहाँ एक सय पाँच किसानले जग्गा भाडामा लिएर केराखेती गर्दैआएका थिए। हनुमाननगर कङ्कालिनी-२ सकरदहीका दिनेशकुमार राउतले मात्रै कोसी नदीको किनारमा १० बिघामा केराखेती गर्नुभएको थियो। सबै नष्ट भएपछि उहाँ अहिले चिन्तामा हुनुहुन्छ।

"दसैं, तिहार र छठमा केरा बिक्री गरेर पर्याप्त आम्दानी गर्ने सोचमा थिएँ, दसैं सुरु हुनु अगाडि नै दसा लाग्यो", राउतले भन्नुभयो- "केराखेतीकै आम्दानीले छोराछोरी पढाउने तथा घरखर्च चलाउने योजना थियो, बाढीले सब चौपट बनायो।"

केराखेतीमा पसेको बाढी सुकेपनि केराका घरी यत्रतत्र छरिएर खेतमै रहेका छन्।

भारदह-१ की आशाकुमारी मण्डलले १५ कट्ठामा केराखेती गर्नुभएको थियो। बाढीले त्यो सब नष्ट पारिदिएको छ। उहाँका सात दिदीबहिनी मिलेर केराखेती गर्नुभएको थियो। केराखेती नष्ट भएपछि लगानी डुबेको उहाँले बताउनुभयो। केराखेतीकै आम्दानीले गुजारा गर्दै आएकाले बाढीले केरा नष्ट गरेपछि परिवार पाल्न समस्या भएको मण्डल बताउनुहुन्छ।

"खेत रु ३० हजारका दरले भाडामा लिएर केरा लगायौं। केरा नष्ट भएपछि भाडा तिर्ने अवस्थासमेत रहेन", उहाँले भन्नुभयो। घरछेउमै दसैंमा कङ्कालिनी भगवती मन्दिरमा लाग्ने मेलामा केरा बेचेर आम्दानी गर्ने मण्डलको इच्छा बाढीका कारण पूरा हुन पाएन।

बाढीका कारण भारदह-१ भलुवाका रामदेव मण्डलले ५० कट्ठा जग्गामा लगाउनुभएको केराखेती नष्ट भएको छ। केराखेती सबै कोसीको बाढीले बगाइदिएपछि उहाँ साहुँको ऋण कसरी तिर्ने भन्ने चिन्तामा हुनुहुन्छ। भगवतीप्रसाद मण्डलको अवस्था पनि रामदेवको जस्तै भएको छ। "दश कट्ठामा लगाएको केराखेती सब सखाप भयो, यो वर्ष दसैं जस्तै तिहार र छठ पर्व पनि राम्रोसँग मनाउन नसकिने भयो, घरखर्च टार्न मुश्किल भयो", उहाँले पीडा सुनाउनुभयो।

केरा बिक्री गरेर मनग्य आम्दानी गर्दैआउनुभएका इनर्देव लोगी वैकल्पिक उपायको खोजीमा हुनुहुन्छ। लगाएको केराखेती नष्ट हुँदा घर खर्च चलाउन समस्या भएको भलुवाका रामचन्द्र ठाकुर बताउनुहुन्छ। एक बिघा क्षेत्रफलमा केराखेती गर्न एकपटकमा रु दुई लाखभन्दा बढी खर्च हुने गरेको उहाँको भनाइ छ।

बाढीले लाखौंको क्षति भएपछि यहाँका किसानको केराखेतीतर्फ आकर्षण घट्ने भएको छ। किसानले हालसम्म कुनै निकायबाट पनि राहत नपाएको गुनासो गरेका छन्। यसअघि गत वैशाखमा हावाहुरी आउँदा पनि केरा ढलेर किसानले ठूलो क्षति बेहोर्नुपरेको थियो।

# दसैंमा दुई लाख ३७ हजारले गरे हवाई यात्रा

काठमाडौं, ३० असोज (रासस)।

बडादसैंको पाँच दिनको अवधिमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भएर कुल दुई लाख ३७ हजारभन्दा बढीले हवाई यात्रा गरेका छन्। विमानस्थल कार्यालयको तथ्याङ्क अनुसार दसैंको फूलपाती देखि पूर्णिमाको अघिल्लो दिनसम्म अर्थात् असोज २४ गतेदेखि २८ गतेसम्म आन्तरिकतर्फ एक लाख ६० हजार नौ सय १० र अन्तर्राष्ट्रियतर्फ ७८ हजार पाँच सय १२ जनाले हवाई यात्रा गरेका हुन्।

विमानस्थलका प्रवक्ता रिञ्जी शेर्पाका अनुसार दसैंको सात दिन अर्थात् असोज २४ गते फुलपातीदेखि पूर्णिमाको अघिल्लो दिन (असोज ३० गते) सम्म आन्तरिकतर्फ दुई हजार एक सय ५९ र अन्तर्राष्ट्रियतर्फ सात सय ८१ गरी कुल दुई हजार नौ सय ४० उडान भएका छन्। यो दुईतर्फी उडानको सङ्ख्या हो।

दसैंको दुई दिन अर्थात् असोज २४ गते फूलपाती र असोज २६ गते (महाअष्टमी/महानवमी) मा आन्तरिक र अन्तर्राष्ट्रिय दुवै गरी ६३ हजार दुई सय ४२ जनाले हवाई यात्रा गरेका थिए। असोज १३ गतेदेखि असोज २८ गतेसम्म कुल चार लाख २७ हजार नौ सय ४६ जनाले हवाई यात्रा गरेको विमानस्थलले जनाएको छ। यसमा आन्तरिकतर्फ दुई लाख २३ हजार आठ सय ४७ र अन्तर्राष्ट्रियतर्फ दुई लाख ४० हजार ९९ यात्रुले आवत जावत गरेका छन्।

यसैगरी असोज १३ गतेदेखि असोज २८ गतेसम्म आन्तरिकतर्फ पाँच हजार एक सय आठ र अन्तर्राष्ट्रियतर्फ एक हजार सात सय ४४ गरी कुल ६ हजार आठ सय ५२ उडान सञ्चालन भएको विमानस्थलको तथ्याङ्कमा उल्लेख छ।

यसअघि यही असोज १४ गते एकैदिन आन्तरिक उडान र अन्तर्राष्ट्रिय उडान गरी पाँच सय ५९ उडान भएका थिए। ती उडानमार्फत सोही दिन ३५ हजार सात सय चार जनाले हवाई यात्रा गरेका थिए। यही असोज ११ र १२ गतेको अबिरल वर्षाका कारण मुलुकका विभिन्न स्थानमा बाढी पहिरोले सडक सञ्जाल अवरुद्ध हुँदा हवाई उडानको चाप बढेको थियो।

अन्तर्राष्ट्रिय विमानस्थलमा आन्तरिक र अन्तर्राष्ट्रिय दुवै उडान चाप बढेपछि विमानस्थलको टर्मिनल भवनमा यात्रुको खचाखच भीडभाड थियो। अहिले हवाई उडान सामान्य बन्दै गएको विमानस्थल कार्यालयले जनाएको छ। यही असोज १३, १४, १५ र १६ गते हवाई उडान चाप बढेको थियो।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट अन्तर्राष्ट्रियतर्फ तीन नेपालीसहित ३० विमान कम्पनीले उडान गर्दै आएका छन् भने आन्तरिकतर्फ सात विमान कम्पनीले सेवा दिइरहेका छन्। दसैंको समयमा आन्तरिकमा सुगम विमानस्थलमा ठूला एयरलाइन्सका विमानले उडान भरे। निजी क्षेत्रको बुद्ध एयर, यती एयरलाइन्स तथा श्री एयरलाइन्सले बढी उडान भरेका थिए। यि कम्पनीसँग ठूला र मझौला विमान छन्। बुद्ध र यतीसँग एटीआर ७० विमान र श्री एयरलाइन्सस ८० सिट क्षमताका 'ड्यास एट' विमान छन्। समिट एयर, तारा एयर र सीता एयरले लुक्लालगायत दुर्गम गन्तव्यमा उडान भर्ने गरेका छन। नेपाल वायुसेवा निगमले आन्तरिक उडानमा मात्र दुई विमानले दुर्गम क्षेत्रमा उडान भर्दै आएको छ।

## विश्व समाचार

### हिजबुल्लाहका वरिष्ठ युएभी कमान्डरको मृत्यु भएको इजरायली दाबी

जेरुसेलम, इजरायल, ३० असोज (रासस/एएनआई)।

इजरायलले मङ्गलबार हिजबुल्लाहका एक वरिष्ठ युएभी कमान्डरको मृत्यु भएको दाबी गरेको छ। इजरायली रक्षा बलले हिजबुल्लाहको युनिट १२७ लाई नष्ट गर्ने बताएको केही घण्टापछि वाचा गरेपछि युएभी कमान्डरको मृत्यु भएको हो। युएभी एकाईले हिजबुल्लाह समूहको मानवरहित विमानको अनुगमन गर्दछ। मृतक हिजबुल्लाह कमान्डरलाई खादर अल-अबेद बाहजाका रूपमा पहिचान गरिएको थियो, जसले लिटानी नदीको उत्तरमा हिजबुल्लाहको एरियल युनिटको गतिविधि हेर्ने जिम्मेवारी तोकिएको थियो। इजरायलद्वारा दिइएको जानकारीमा बाहजाको हत्या कहाँ र कहिले भएको थियो भन्नेबारे स्पष्ट उल्लेख गरिएको छैन। "बाहजाको कमान्डमा इजरायली नागरिक र सेना विरुद्धको हवाई आक्रमण युएभी, निगरानी विमान र विस्फोटक विमानको प्रयोग गरेर गरिएको सेनाले जनाएको छ। इजरायली सैन्य अधिकारीहरूले आइतबार राति मध्य बिन्यामिन क्षेत्रमा रहेको सेनाको आधारको भोजन कक्षमा ड्रोन प्रहार गर्दा चार सैनिक मारिनुका साथै करिब ६० जना घाइते भएको बताएका छन्। सन् २०२३ अक्टोबर ७ को हमास आक्रमणपछि, इरान समर्थित हिजबुल्लाहले उत्तरी इजरायली समुदायहरूमा दैनिक रकेट फायर र ड्रोन प्रक्षेपण गर्न थालेको थियो। सेप्टेम्बर २९ मा सरकारले जारी गरेको तथ्याङ्कअनुसार उत्तरी इजरायलका ६८ हजारभन्दा बढी बासिन्दाहरू विस्थापित भएका छन्। हिजबुल्लाह नेताहरूले इजरायलीलाई उनीहरूको घर फर्कनबाट रोक्न आक्रमणहरू जारी राख्ने बारम्बार बताउदै आएका छन्। सन् २००६ को दोस्रो लेबनान युद्धको अन्त्य गर्ने राष्ट्रसङ्घीय सुरक्षा परिषद्को प्रस्ताव १७०१ अनुसार हिजबुल्लाह समूहलाई लिटानी नदीको दक्षिण वा दक्षिणी लेबनानमा उसका गतिविधि सञ्चालन गर्न निषेध गरिएको छ।

### इजरायलले पुनः आक्रमण गरेमा 'निर्णायक' जवाफ दिने इरानको भनाइ

तेहरान, ३० असोज (रासस/एएफपी)।

इरानका शीर्ष कूटनीतिज्ञले संयुक्त राष्ट्रसङ्घका प्रमुख एन्टोनियो गुटेरेससमक्ष इजरायलको मिसाइल आक्रमणको बदलामा तेहरान 'निर्णायक र खेदजनक' प्रतिक्रियाका लागि तयार रहेको जनाउदै राष्ट्रसङ्घलाई कारवाही गर्ने आग्रह गरेको छ। इरानले आफ्ना नजिकका सहयोगी हमासका नेता इस्माइल हानियाह, हिजबुल्लाह नेता हसन नसरल्लाह र एक इरानी जनरलको हत्याको बदला लिन अक्टोबर १ मा इजरायलमा करिब २०० वटा क्षेप्यास्त्र प्रहार गरेको थियो। इजरायली रक्षामन्त्री योव ग्यालान्टले गत हप्ता आफ्नो देशको प्रतिशोधात्मक उपाय 'घातक, सटीक र आश्चर्यजनक' हुने बताउनुभएको थियो। इरानका विदेश मन्त्री अब्बास अरागचीले गुटेरेससँगको फोन वार्तामा इरानले यस क्षेत्रको शान्ति र सुरक्षाको लागि सबै प्रयास गरिरहेको जनाउदै इजरायलको कुनै पनि कार्यको निर्णायक र खेदजनक प्रतिक्रियाका लागि पूर्ण रूपमा तयार रहेको बताउनुभएको छ। अरागचीले राष्ट्र सङ्घलाई 'इजरायली शासनको अपराध र आक्रामकता रोक्न र लेबनान र गाजामा मानवीय सहायता पठाउन' आफ्ना स्रोतहरू प्रयोग गर्नसमेत अपील गर्नुभएको छ। पछिल्लो समयमा इरानी विदेशमन्त्रीले तनाव कम गर्ने प्रयासमा लेबनान, सिरिया, साउदी अरब, कतार, इराक र ओमानको भ्रमण गर्नुभएको छ। इरानी विदेश मन्त्रालयका प्रवक्ता इस्माइल बाघाईले सामाजिक सञ्जाल एक्समा यो घटनाक्रम इजरायल,इरान र हमासबीचको युद्धको पृष्ठभूमिमा आएको र एक वर्षभन्दा लामो समयदेखि उग्र हुँदै लेबनानसम्म विस्तार भएको जनाउनुभएको छ।

### पाकिस्तानलगायत १२ देशका २० लाख बालबालिकामा कुपोषणको गम्भीर समस्या : युनिसेफ

न्युयोर्क, अमेरिका, ३० असोज (रासस/एएनआई)।

विश्वका विभिन्न मुलुकका २० लाख बालबालिका कोषको अभावका कारण गम्भीर कुपोषणको जोखिममा रहेको युनिसेफले जनाएको छ। युनिसेफका अनुसार पाकिस्तानसहित १२ देशमा जीवन रक्षाका लागि कोषको अभावका कारण बालबालिकाले मृत्युको उच्च जोखिमको सामना गरिरहेका छन्। सन् २०२५ को मध्यसम्ममा प्रभावित देशको खाद्यान्न समाप्त हुन सक्ने चेतावनीसमेत युनिसेफले दिएको छ। तयारी अवस्थामा रहेको खानाको लागि कोषको अभावले प्रभावित देशमा बालबालिका उपचारको जोखिममा परेको अनुमान गरिएको छ। माली, नाइजेरिया, नाइजर र चाड लगायतका देशले यसअघि नै तयारी अवस्थामा रहेको खानाको लागि भण्डारण सकिएको बताएका छन्। क्यामरुन, पाकिस्तान, सुडान, मेडागास्कर, दक्षिण सुडान, केन्या, कङ्गो लोकतान्त्रिक गणतन्त्र र युगान्डामा सन् २०२५ को मध्यसम्ममा स्टक समाप्त हुन सक्ने युनिसेफले जनाएको छ। आर्थिक मन्दी र जलवायु परिवर्तनको कारण धेरै देशहरूमा पाँच वर्ष मुनिका बालबालिकामा गम्भीर कुपोषणको समस्या बढेको छ। युनिसेफका अनुसार पौष्टिक र सुरक्षित खानाको अभाव र बारम्बार रोगको कारणले हुने खतराबाट पीडित बच्चामा दुब्लो पातलो र प्रतिरक्षा प्रणाली कमजोर हुनाले वृद्धिमा कमी हुनुका साथै मृत्युको जोखिम हुने गर्छ। युनिसेफका बाल पोषण तथा विकास निर्देशक भिक्टर एगुयोले गम्भीर कुपोषणविरुद्ध सङ्घर्ष गरिरहेका करिब २० लाख बालबालिकाको ज्यान बचाउन तत्काल कदम चाल्न आह्वान गर्नुभएको छ। विगत दुई वर्षमा विश्वव्यापी द्वन्द्व, जलवायु र आर्थिकमन्दीको परिणामस्वरूप मातृ तथा बाल पोषणबाट प्रभावित देशहरूमा बाल कुपोषण र यससँग सम्बन्धित मृत्यु दरलाई नियन्त्रण गर्न पोषण कार्यक्रमको मापनलाई अनुमति दिएको एगुयोले बताउनुभएको छ। यस मुद्दालाई सम्बोधन गरी बालबालिकाको ज्यान बचाउन आहार, उपचार र हेरचाह कोषका लागि नविकरण गरिएको युनिसेफले जनाएको छ। 'नो टाइम टु वेस्ट २०२४ अपडेट एन्ड कल टु अर्जेन्ट एक्सन' मा १६ करोड ५० लाख अमेरिकी डलर सहयोगको आह्वान गरिएको छ। यसअघि पनि सन् २०२२ मा युनिसेफले १५ वटा प्रभावित देशमा करिब ८० लाख बालबालिका कुपोषणलाई सम्बोधन गर्ने उद्देश्यले 'नो टाइम टु वेस्ट एक्सेलेरेसन प्लान' सुरु गरेको थियो।

# राससले मैथिली र नेपाल भाषामा शुभारम्भ गरेकामा स्वागत

धनुषा, ३० असोज (रासस)।

राष्ट्रिय समाचार समिति (रासस)ले मङ्गलबारदेखि मैथिली र नेपाल भाषाको समाचार सेवाको परीक्षण शुभारम्भ गरेकामा जिल्लास्थित विभिन्न सङ्घसंस्थाले स्वागत गरेका छन्। मुलुकमै नेपाली भाषापछि बढी बोलिने मैथिली भाषामा राससले समाचार सेवा सुरु गरेपछि मधेस प्रदेशमा खुसियाली व्यक्त गरिएको छ। विसं २०८० माघमा अवधी भाषामा समाचार सेवा थालनी गरेको राससले सोमबारदेखि परीक्षणका रूपमा मैथिली र नेपाल भाषामा समेत समाचार सम्प्रेषण गर्न थालेको छ।

यसै सन्दर्भमा मधेस प्रदेशको राजधानी जनकपुरधामस्थित मिथिला नाट्यकला परिषद् (मिनाप)ले राससको यस ऐतिहासिक कार्यको स्वागत गरेको छ। परिषद्का महासचिव शैलेन्द्र मल्लिकले राससको यस कार्यको स्वागत गर्दै मैथिली भाषा र संस्कृतिको विकासमा राससले थप सेवा शुभारम्भ गरेपछि सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो।

त्यसैगरी, मैथिली विकास कोषका अध्यक्ष जीवनाथ चौधरीले आफ्नो सेवा आरम्भ गरेको ६३ वर्षको अवधिमा नयाँ इतिहास रच्न रासस सफल भएको धारणा व्यक्त गर्नुभयो। उहाँले यस ऐतिहासिक निर्णयले समावेशी लोकतन्त्रको पहरेदार बन्न रासस कोसेढुङ्गा साबित हुने बताउनुभयो।

राजबिराजस्थित मैथिली साहित्य परिषद्का अध्यक्ष अवधेशकुमार झाले राससको यो सार्थक प्रयास मैथिली भाषा संरक्षण अभियानका लागि महत्वपूर्ण हुने विश्वास व्यक्त गर्नुभयो।

मैथिली भाषाका प्राध्यापक तथा बरिष्ठ पत्रकार श्यामसुन्दर शशीले राससको यस ऐतिहासिक कदमलाई स्वागत गर्दै राससबाट उत्पादित समाचार प्रयोग गरी राससलाई सफल बनाउन सबैसँग आग्रह गर्नुभयो। उहाँले भन्नुभयो, "राससको यस प्रयासलाई सफल बनाउन सम्बद्ध सबै सञ्चार माध्यमले मैथिली भाषाको समाचार प्रकाशन र प्रसारण गर्न आवश्यक छ।"

मधेस प्रज्ञा प्रतिष्ठानका अध्यक्ष रामभरोस कापडीले मैथिली भाषामा समाचार सम्प्रेषण गरेर रासस नेपालका सबै जातजाति तथा भाषाभाषीको प्रतिनिधित्व हुने साझा समाचार संस्थाका रूपमा आफूलाई अब्बल साबित गर्न सफल भएको बताउनुभयो।

यसैगरी, नेवाः दय् दबू, केन्द्रीय समितिले विज्ञप्ति जारी गर्दै राससले नेपाल र मैथिली भाषामा समाचार सम्प्रेषण गरेर आफूलाई अब्बल सावित गरेको जनाएको छ। समितिका अध्यक्ष पवित्र बज्राचार्यद्वारा जारी विज्ञप्तिमा भनिएको छ, "समावेशी समाज निर्माण गर्ने अठोटका साथ मुलुकमा स्थापना भएको सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई स्थायित्व प्रदान गर्ने क्रममा राससले सुरु गरेको यो कार्यले ठोस योगदान दिने विश्वास छ। नेपाल एक बहुभाषिक मुलुक भएकाले बहुभाषिकता हाम्रो विशेषता र राष्ट्रियताको आधार पनि हो। यही बहुभाषिकताबीच राष्ट्रिय एकता कायम गर्नु हाम्रो दायित्व हो। राससको यो कदमले उक्त दायित्व निर्वाह गर्नेमा विश्वस्त छौं।"

# स्रोत नखुलेको रकमसहित एक पक्राउ

**दैनिक समाचारदाता**
**महोत्तरी, ३० असोज।**

जलेश्वर-सम्सी सडकखण्डको भोल्ही चोकमा बुधबार दिउँसो प्रहरीले स्रोत नखुलेको रु आठ लाख पाँच हजार पाँच सय नगदसहित एक जनालाई पक्राऊ गरेको छ।

पक्राऊ पर्नेमा सम्सी गाउँपालिका-७बस्ने २८ वर्षीय रामस्नेही साह रहेको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता सन्तुलालप्रसाद जैसवारले बताएका छन्।

बीआर ३० एएफ ३८७६ भारतीय नम्बरको मोटरसाईकलमा चढेर मनरासिश्वा नगरपालिका-२ स्थित भोल्ही चोक जाँदै गरेका साहलाई प्रहरी टोलीले शङ्का लागि चेक जाँच गर्दा निजले लुकाएर बोकेको अवस्थामा स्रोत नखुलेको उक्त नगद बरामद गरेको प्रहरीले जनाएको छ।

साहले शरीरका विभिन्न भागमा लुकाएर बोकेको अवस्थामा स्रोत नखुलेको रु एक हजार दरका नोट आठ सय एक थान र रु पाँच सयका नोट नौ थान बरामद गरेको हो।

पक्राऊ परेका साह र उनी सवार मोटरसाईकलसहित नियन्त्रणमा लिइ जिल्ला प्रहरी कार्यालयले थप अनुसन्धान गरिरहेको जनाएको छ।

## डेंगुबाट बचौं

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।




जनहितका लागि
सुरुङ्गा नगरपालिकाको कार्यालय, सप्तरी




जनहितका लागि
तिलाठी कोइलाडी गाउँपालिकाको कार्यालय, सप्तरी

## लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय

**लक्षण**

- उच्च ज्वरो आउनु। - जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु। - आँखाको गेडी दुख्नु। - अत्याधिक टाउको दुख्नु। - शरीरमा राता बिमिराहरु आउनु।

***यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।***

**बच्ने उपाय**

- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं। - घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जालीवा सुत्ने बेलामा झुल लगाएर सुतौं। - घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं। - पानी राखेको भाँडालाई छोपेर राखौं। - अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं।

**अनुरोधकर्ता : राजगढ गाउँपालिका, सप्तरी**

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*